# माननीय उपाध्यक्षज्यूको म्याग्दी भ्रमण

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठ राष्ट्रिय विकास स्वयंसेवक सेवा प्रवर्द्धनका लागि विद्यालय सहयोग कार्यक्रम अन्तर्गत म्याग्दी जिल्लाका दुई वटा सामुदायिक विद्यालयहरूमा आयोजित कार्यक्रम र जिल्ला सदरमुकाम बेनीमा आयोजित विभिन्न कार्यक्रमहरूमा सरिक हुनु भयो । फाल्गुण ५ गते म्याग्दीको बेनी नगरपालिका वडा नं. १२ स्थित सरस्वती माध्यामिक विद्यालय र वडा नं. १३ स्थित धवलागिरी मा.वि. मा आयोजित विद्यालय सहयोग कार्यक्रममा स्थानीय जनसमुदाय र विद्यालय परिवारबाट उहाँको सम्मान तथा अभिनन्दन गरिएको थियो । माननीय उपाध्यक्षज्यू फाल्गुण ७ गते सदरमुकाम बेनीमा आयोजित नगर सरसफाइ कार्यक्रम, पत्रकार भेटघाट, सर्वदलीय बैठक तथा कार्यालय प्रमुखको बैठकमा सरिक हुनु भएको थियो ।

राष्ट्रिय विकास स्वयंसेवक सेवा प्रवर्द्धनका लागि विद्यालय सहयोग कार्यक्रम अन्तर्गत सरस्वती माध्यामिक विद्यालय भकिम्लीमा आयोजित कार्यक्रममा विद्यालय परिवारको तर्फबाट माननीय उपाध्यक्षज्यूको सम्मान गरिएको थियो । सो अवसरमा उहाँले सो विद्यालयलाई नगद रु. पचास हजार तथा भलिवल, फूटवल, भलिवल नेट तथा पम्प, अक्सफोर्ड लर्नर्स डिक्सनरी, नेपाली वृहद शव्दकोष लगायतका शैक्षिक सामग्रीहरू हस्तान्तरण गर्नुभएको थियो । त्यसैगरी धवलागिरी मा.वि. सिङामा आयोजित कार्यक्रममा स्थानीय जनसमुदाय र विद्यालय परिवारबाट माननीय उपाध्यक्षज्यूको भव्य स्वागत तथा अभिनन्दन गरिएको थियो ।



*माननीय उपाध्यक्ष सरस्वती मा.वि. मा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।*

उहाँले सो विद्यालयलाई पनि सरस्वती मा.वि. लाई नगद तथा शैक्षिक सामग्रीहरू हस्तान्तरण गर्नु भएको थियो । विद्यालयहरूमा आयोजित छुट्टाछुट्टै कार्यक्रमलाई सम्बोधन गर्दै माननीय उपाध्यक्षज्यूले ती विद्यालयहरूले

म्याग्दी जिल्लाको शैक्षिक विकासमा उल्लेख्य योगदान गरेको र आगामी दिनहरूमा समेत प्रगति गर्दै जाने अपेक्षाका साथ शुभकामना व्यक्त गर्नुभएको थियो । उहाँले म्याग्दी जिल्लाको विकासका लागि राष्ट्रिय योजना आयोगको तर्फबाट आफूले सक्दो प्रयास गर्ने र आयोजना कार्यान्वयनका लागि जिल्लास्थित सरकारी कार्यालय, स्थानीय निकाय, राजनैतिक दल, गैरसरकारी संस्था र सर्वसाधारणहरूले समेत यथासक्य सहयोग गर्नु पर्ने उल्लेख गर्नु भएको थियो ।



*माननीय उपाध्यक्ष धवलागिरी मा.वि. मा आयोजित कार्यक्रममा व्यवस्थापन समितिको तर्फबाट सम्मान ग्रहण गर्नुहुँदै ।*

फाल्गुन ६ गते बिहान जिल्ला प्रशासन कार्यालय म्याग्दीको संयोजकत्वमा बेनी नगरपालिकाको बजार क्षेत्रमा आयोजित सरसफाइ कार्यक्रमको माननीय उपाध्यक्षज्यूले शुभारम्भ गर्नुभएको थियो । सो सरसफाइ कार्यक्रममा जिल्लास्थित सरकारी कार्यालय, नेपाली सेना, नेपाल प्रहरी, विभिन्न गैर सरकारी संस्थाहरू र शैक्षिक संस्थाहरूबाट सहभागिता रहेको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय उपाध्यक्षज्यूले सुन्दर बेनीबजारलाई अझै सुन्दर र सफा राख्न यस किसिमका सरसफाइ कार्यक्रमहरूले निरन्तरता पाउनु पर्ने व्यहोरा उल्लेख गर्नु भएको थियो । सोही बिहानीमा माननीय उपाध्यक्षज्यू म्याग्दी जिल्लामा क्रियाशील पत्रकारहरूसँगको भेटघाटमा सरिक हुनु भएको थियो । पत्रकारहरूको जिज्ञासाको प्रत्युत्तर दिँदै उहाँले योजना तर्जुमा भन्दा त्यसको कार्यान्वयनमा आफ्नो जोड रहेको र विकास आयोजनाहरूको निरन्तर अनुगमनमा संलग्न रहेको उल्लेख गर्नु भएको थियो । पूँजिगत खर्च कम हुनुका कारणहरू स्पष्ट पार्दै उहाँले सो खर्च वढाउँन अन्तरनिकायगत समन्वय र सरोकारवालाहरूको जिम्मेवारी वोध आवश्यक रहेको बताउनुभयो । त्यस लगत्तै आयोजित सर्वदलीय बैठकमा माननीय उपाध्यक्षज्यूले विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि र जिल्लाबाट प्रतिनिधित्व गर्ने सांसदहरूबाट जिल्लाको विकासमा देखिएका समस्या तथा चुनौतिहरू, प्राथमिकता दिई सम्पन्न गर्नुपर्ने

आयोजनाहरू लगायतका विषयमा जानकारी लिनु भएको थियो । बैठकको अन्त्यमा सम्बोधन गर्दै उहाँले एकले अर्कोलाई आक्षेप लगाउँनु भन्दा आत्मसमिक्षा गर्दै उदाहरणीय काम गरेर देखाउँनु पर्ने, अन्तरनिकाय समन्वय तथा सहकार्यमा जोड दिनु पर्ने र ठेकेदारहरूबाट भएको कमजोरीलाई सम्बोधन गरेर उनीहरूलाई उत्तरदायी बनाउनु पर्ने धारणा व्यक्त गर्नु भयो ।

फाल्गुण ६ गते नै माननीय उपाध्यक्षज्यूबाट म्याग्दी जिल्लास्थित कार्यालयका प्रमुखहरूको बैठकलाई सम्बोधन गर्दै जिल्लाको समग्र विकासका लागि पूँजीगत खर्चतर्फका कार्यहरूमा ८० प्रतिशत भन्दा माथि प्रगति हासिल गर्न र यसका लागि बजेट, जनशक्ति आपूर्ति, निरन्तर अनुगमन तथा वाधा अड्चन फुकाउनका लागि सम्बन्धित सबै निकायले पहल गर्न निर्देशन दिनु भयो ।

उक्त भ्रमण दलमा राष्ट्रिय योजना आयोगको सचिवालयका कार्यक्रम निर्देशकद्धय शिवराज चौलागाई र यदुनाथ आचार्य समेत संलग्न रहनु भएको थियो ।

२०७३/११/१०
राष्ट्रिय योजना आयोग